# प्रतिभा, कविता र नेपाली भाषा पाठ्यक्रम

दीपक गौतम (पिएच.डी.)

**सार**

*नेपालको राष्ट्रिय शिक्षाले नेपाली भाषा पाठ्यक्रमको निर्माण गरी सापेक्षित रूपमा तह अनुकूलका कविता शिक्षण गरी विद्यार्थीको अन्तर्निहित प्रतिभाको विकास गर्ने उद्देश्य लिएको छ । यस अनुसार एक सय दश जति कविहरूका साना, मझौला र बृहत् आकारका झन्डै दुई सय जति कविताहरू पाठ्य कवितामा पारिएका छन् भने सीप विकासका लागि तह अनुसार कविताको शिक्षण, अभ्यास र सिर्जनात्मक कार्यहरूको व्यवस्था गरिएको छ । यस क्रममा प्राथमिक तहमा आभारभूत भाषिक तथा गणितीय सीपको विकास गर्ने रणनीति, माविमा कविता लेखनका आधारभूत पक्षहरू, दश जोड दुईमा कृति समीक्षा र स्नातकोत्तर शिक्षा सङ्कायमा कविता शिक्षणमा विशेषज्ञता तथा मानविकीमा समालोचानात्मक विश्लेषणका साथै कविता सिर्जनालाई प्राथमिकतामा राखिएको छ । प्रतिभा विकासका लागि पाठ्य कविता चयन, शिक्षण प्रविधि, परिवेशको जनशक्ति, प्रतिकूल सामाजिक चिन्तन प्रणालीहरू खास सीमा र चुनौतीहरू बनेर आएका छन् । यिनै सीमा र चुनौतीहरूलाई आत्मसात् गरी कविता शिक्षण प्रक्रियालाई अगाडि बढाए नेपाली विद्यार्थीको वास्तविक प्रतिभा विकास हुन सक्छ र नेपाली समाज उन्नत हुन सक्छ ।*

**प्रमुख शब्दहरू** : पाठ्य कविता, अन्तर्निहित प्रतिभा, शिक्षाको राष्ट्रिय उद्देश्य, समालोचनात्मक विश्लेषण, कविता शिक्षण

## परिचय

**नेपाली बृहत् शब्दकोशमा** असाधारण तीव्रता र प्रखरताको बुद्धि बललाई प्रतिभा, कविको रचनालाई कविता र विद्यार्थी पढाउनका लागि तोकिएको विषयको पूर्वापरक्रमलाई पाठ्यक्रम हुन् (पोखरेल, २०४०:८७०) भनिएको छ भने **प्रयोगात्मक शब्दकोश**मा कविको कृतिलाई कविता व्यक्तिको विशिष्ट क्षमतालाई प्रतिभा र शिक्षार्थीले शिक्षालयमा खास अवधिमा आर्जन गर्न सक्ने ज्ञान, सीप र अनुभवको शैक्षिक योजनालाई पाठ्यक्रम हुन् (अधिकारी तथा अन्य, २०६६: ६४८) भनिएको छ । यस आधारबाट नेपालको भाषा पाठ्यक्रमले विद्यार्थीको क्षमता विकासका लागि पाठ्य कविता निर्दिष्ट गरेको छ, कविता मार्फत अन्तर्निहित मेधालाई प्रष्फुटनको लक्ष्य लिएको छ भन्न सकिन्छ । पूर्वीय र पाश्चात्य साहित्यले बराबर महत्त्व दिँदै आएको सहज ज्ञान, पूर्व वृत्ति, अपूर्व शक्ति, जन्मजात सामर्थ्य जस्ता पर्यायवाची शब्द शक्ति भएको प्रतिभालाई परिष्कृत र परिमार्जित बनाउनका लागि व्युत्पत्ति, अभ्यास र समाधिहरूलाई प्रमुख सामग्रीका रूपमा लिइएको छ (पौड्याल, २०६४:४) । यस प्रसङ्गमा विभिन्न तहमा संयोजन गरिएका पाठ्य कविता र कविहरूको उपस्थितिको अवस्था जानकारी गराउनु यस लेखकको उद्देश्य रहेको छ । यसका साथै पाठ्य कविता संयोजन गर्दा के कस्ता कविता चयन भएका छन् निरुपन गर्नु पनि यस लेखको उद्देश्य रहेको छ । यस शृङखलाभित्र केकस्ता अभ्यासहरूको संयोजन गरिएको छ, स्तरअनुकूल छन् वा छैनन्, सङ्लग्न पक्षको प्रभावकारी भूमिका छ या छैन, सरकारी र निजी नेपाली विषयका कविताहरूमा भिन्नता छ वा छैन जस्ता आधारभूत समस्याहरू यस शोधमा रहेका छन् । विद्यालय र त्रिविका पाठ्य कविताहरू मात्र शोधका सीमा रहेका छन् ।

## अध्ययन विधि

यो लेख पुस्तकालय अध्ययन विधिमा आधारित छ । अतः यस लेखमा द्वितीय स्रोत सामग्रीहरूको मात्र प्रयोग गरिएको छ । पुस्तक पत्रपत्रिका, लेख, रचना, पाठ्य सामग्री यसमा प्रयोग गरिएका सामग्रीहरू हुन् ।

## व्याख्या र विश्लेषण

यसका लागि (१) पाठ्यक्रमका तहगत उद्देश्यहरू, (२) कवि तथा कविताहरूको सर्वेक्षण, (३) व्युत्पत्ति, अभ्यास र समाधि, (४) कविताहरूको संरचनात्मक सङ्गठन, (५) कवि, कविता सङ्ख्या र स्थिति, (६) सीमा र चुनौती र (७) निष्कर्ष र सुझावको आधार लिइएको छ । ती यस प्रकार छन्:

### पाठ्यक्रमका तहगत उद्देश्य

नेपालको शिक्षाका तहगत उद्देश्यसँगै भाषा पाठ्यक्रमका उद्देश्यहरू छन् । प्राथमिक शिक्षा पाठ्यक्रमले विद्यार्थीको

आधारभूत भाषिक तथा गणितीय सीपको विकास गर्ने र कला सौन्दर्य प्रति अभिरुचि जगाई सिर्जनशील विकास गर्ने उद्देश्य लिएको छ (पाविके, २०६२ : ९) भने निमावि तहको पाठ्यक्रमले अरूको विचार बुझ्ने तदनुकूल भाषिक सीपको विकास गरी ससाना मौलिक रचनाका सन्दर्भ सिलसिला मिलाई लेखनपठन गर्न सक्षम बनाउने लक्ष्य लिएको छ (पाविके, २०६४:१) । यसैगरी माध्यमिक शिक्षा पाठ्यक्रमले रचनात्मक ज्ञान र सीपको विकास गर्दै राष्ट्रिय अन्तर्राष्ट्रिय चुनौतीहरूको सामना गर्न स्वतन्त्र समालोचनात्मक सोचाइ र विश्लेषणात्मक सीपको विकास गर्दै कविता शिल्पको विकास गर्ने उद्देश्य लिएको छ (पाविके, २०६५:८) भने उमाविले साहित्य सिर्जना गर्न सामर्थ्यवान् व्यक्ति निर्माण गर्ने उद्देश्य लिएको छ, यसका अतिरिक्त बी. ए. प्रथम वर्षको पाठ्यक्रमले विशिष्ट भाषिक अभिव्यिक्ति र रचना कौशल बनाउने लक्ष्य लिएको छ (टी.यू., २०६७/०६८:२) र दोस्रो वर्षले आधुनिक कविताको सिर्जना एवम् अध्ययन गर्न सक्ने अपेक्षा गरेको छ । यसै शृङ्खलामा बी.एड. दोस्रो वर्षले कविताको दृष्टिकोण विवेचना, विशिष्ट पङ्क्तिको व्याख्या, नाट्य, काव्य समेतको मूल प्रवृत्ति, पूर्वीय र पश्चिमी मान्यताका आधारमा सैद्धान्तिक परिचय दिनसक्ने उद्देश्य लिएको छ (टी.यू.२०६६/०६७:३) । एम्.एड्. प्रथम वर्ष र दोस्रो वर्षको पाठ्यक्रमले आधुनिक नेपाली प्रतिनिधि कविता, खण्ड काव्य, नाट्य काव्य र महाकाव्यको विश्लेषण गरी प्रवृत्ति, विवेचना, विशिष्ट पङ्क्तिको व्याख्या विश्लेषण गरी कविता शिक्षणमा विशिष्टीकरण गराउने उद्देश्य लिएका छन् (पा.वि.के.२०६६/०६७:२) । एम्.ए. प्रथम वर्षले स्तरीय कविता रचना गर्न सक्ने उच्चस्तरीय जनशक्ति निर्माण गर्नुका साथै मानव अन्तःकरणको सूक्ष्मतम् भावको आस्वादनद्वारा स्वस्थ, सन्तुलित र उच्चतम् संस्कारको अभिमुखीकरण हुने सिर्जनात्मक समालोचनात्मक क्षमताको विकास गर्ने उद्देश्य लिएको छ (पा.वि.के.१९९९:६) । दोस्रो वर्षले कविताको सैद्धान्तिक स्वरूप, प्रवृत्तिगत विश्लेषण, समालोचनात्मक सीपको विकास गर्ने उद्देश्य लिएको छ ।

**कवि र कविताहरूको सर्वेक्षण**

नेपाली भाषा पाठ्यक्रमले निर्दिष्ट पूर्व प्राथमिक शिक्षाको रिडमोरका पाठ्य कवितादेखि स्नातकोत्तर सम्मका कवितालाई तह अनुसार चयन गरिएको छ । रिडमोरका कविताहरू परम्परागत नेपाली वर्णहरूलाई सुलभ रूपमा सिकाउनका लागि तैयार पारिएका छन् र कविको नाम दिइएको छैन भने कक्षा एकमा प्रभा भट्टराईको उठ उठ रे, विश्वम्भर चञ्चलको मेरी बाबा पुतली, बद्री विशाल भट्टराईको भाइको चँगा, ध्रुवकृष्ण दीपको नाच्यो मुजुर, बालिका घिमिरेको ऋतुहरू, माधव प्रसाद धिमिरेको टालाटुली बटुली, ताराबाजी लैलै, बस बस रे, काग दाजै कुखुरी काँ बाल लोकगीतहरू समावेश गरिएको छन। कक्षा दुईका लागि दैवज्ञराज न्यौपानेका सरस्वतीमाता, के कहाँ बस्छ, कृष्ण प्रसाद पराजुलीका म सानु नानी, नाच्यो जुरेली बालिका घिमिरेको बाटो कसरी काट्ने, कल्पना प्रधानको मेरो सानो खरायो, लालानाथ सुवेदीको बालकको पुकार, माधव प्रसाद घिमिरेका कमिलाको ताँती र झन्डा फरर, प्रभा भट्टराईको चरी बन्न पाएँ, क्षेत्र प्रताप अधिकारीको नानी बाबु, राम बाबु सुवेदीका पुस्तक, हाम्रो देश नेपाल गरी तेह्र ओटा कविता छुट्याइएको छ। यसैगरी दैवज्ञराज न्यौपानेको हामी नेपाली, बुँद रानाको चटके आयो, श्याम प्रसाद शर्माको राम्रो नराम्रो, शोभियतराम बिष्टको पानी छ हाम्रो भर जिन्दगीको, प्रभा भट्टराईको चौतारी, माधव लाल कर्माचार्यका जुन, भैलोगीत, श्रमिक बरालको असल विचार, सिद्धिचरण श्रेष्ठको किताब, पारसमणि प्रधानको खेतीवाल, चन्द्र प्रसाद न्यौपानेको नेपाली, माधव प्रसाद घिमिरेको घामछाँया, कृष्ण प्रसाद पराजुलीको सानु छ है सानु कविताहरू कक्षा तीनमा सङ्लग्न गरिएका छन् । माधव प्रसाद घिमिरेका सानी नदी, गाउँछ गीत नेपाली, पारस मणि प्रधानका घडी, लक्ष्य, सिद्धिचरण श्रेष्ठका आमा, किताब, दैवज्ञ राज न्यौपानेका केको बच्चा कुन, नौलाख तारा, गोरख बहादुर सिँहको सुन्दर गीत गाउँछु, लक्ष्मी प्रसाद देवकोटाको पाप लाग्छ कविताहरू कक्षा चारका विद्यार्थीको प्रतिभा विकासका माध्यम बनेका छन् । एवम्प्रकारले लेखनाथ पौड्यालको नैतिक दृष्टान्त, माधव प्रसाद घिमिरेका नदी, लाग्दछ मलाई रमाइलो, कृष्ण प्रसाद पराजुलीको देशको माटो, घटराज भटराईको खोला साथी, काली प्रसाद रिजालको सबै मेरा गुरु, नवराज सुब्बाको हामी नेपाली, महानन्द सापकोटाको खराब कविताहरू कक्षा पाँचका लागि पाठ्य कविता बनेका छन् ।

देवी नेपालको गुरु, सत्य मोहन जोसीको खोला, क्षेत्र प्रताप अधिकारीको स्वाभिमानी मुख, माधव प्रसाद घिमिरे को गाउँछ गीत नेपाली, गणेश रसिकको शिक्षा संस्कृति र उद्योग, पारस मणि प्रधानको खेतीवाल, दैवज्ञराजको

हेरूँ कहाँ बसी, प्रह्लाद पोखेलको आमा कविताहरू कक्षा ६ मा छानिएका छन् । यसैगरी सिद्धिचरण श्रेष्ठको परिचय, लक्ष्मी प्रसाद देवकोटाको गुनिला कुरा, माधव प्रसाद घिमिरेको नेपाल ठूलो भए, यादव खरेलको आह्वान् गीत, काली प्रसाद रिजालको आफैलाई पढ, क्षेत्र प्रताप अधिकारीको झन्डाको गीत, लेखनाथ पौडेलको मन कविताहरू कक्षा सातमा राखिएका छन् । लक्ष्मी प्रसाद देवकोटाको प्रश्नोत्तर, दैवज्ञराज न्यौपानेको किसान, सिद्धिचरण श्रेष्ठको ओखलढुँगा, मुकुन्द शरण उपाध्यायको पृथ्वीसन्देश, दैवज्ञराज न्यौपानेको किसान कविताहरू कक्षा आठका पाठ्य कविताहरू बनेका छन भने सिद्धिचरण श्रेष्ठकै वसन्त, लक्ष्मी प्रसाद देवकोटाको भिखारी, लेखनाथ पौडेलको सत्यसन्देश कक्षा नौका प्रतिभा तिखार्ने रचनाहरू बनेका छन् । भानुभक्त आचार्यको प्रश्नोत्तर, माधव प्रसाद घिमिरेको वैशाख, भूपि शेरचनको शहिदहरूको सम्झना कक्षा दशका रचनाहरू बनेका छन् ।

भानुभक्त आचार्यकै प्रश्नोत्तर, मोतीराम भट्टको मलाई हिजो क्या.., शम्भु प्रसाद ढुंगेलको कटारी तिमी.., लेखनाथ पौड्यालको हिमाल, धरणीधर कोइरालाको साहित्य सुधा, बालकृष्ण समको म पनि द्यौता मान्छु, लक्ष्मी प्रसाद देवकोटाका भिखारी र वन, सिद्धिचरण श्रेष्ठका ओखलढुँगा र माग्नेको गीत, भीमनिधि तिवारीको मध्यमवर्गकी.., कविताहरूलाई कक्षा एघारका विद्यार्थीको प्रतिभा विकासका साधनहरू मानिएका छन् । यसका साथै माधव प्रसाद घिमिरेका यहीँ हो.., र नवयुवक, गोपाल प्रसाद रिमालका आमाको सपना र परिवर्तन, केदार मान व्यथितको सिपाही, मबीबीको राराकी अप्सरा, अगमन सिँह गिरीको नचिनिने भएछौं, विजय मल्लको छोरीलाई मानचित्र पढाउँदा, भूपि शेरचनका मैनबत्तीको शिखा र मेरो देश, मोहन कोइरालाको सारँगी, भरतराज पन्तको मेघविजुली विवाह, हरिभक्त कटुवालको यो जिन्दगी.., दीनेश अधिकारीको हट घोडा..कविताहरू पनि एघारका कविताहरू हुन् ।

यसैगरी माधव प्रसाद घिमिरेको तिम्रो हाम्रो.., भूपि शेरचनको मेरो चोक, हरिभक्त कटुवालको भोलिको नेपाल, दुर्गालाल श्रेष्ठको मनको दैलो, अमर गिरीको चराका गीतहरू, धीरेन्द्र प्रेमर्षीको आँसु लुकाइ परेलीमा जस्ता कविता, गीत र गजलहरू बी. ए. प्रथम वर्षको अनिवार्य नेपालीमा सङ्लग्न गरिएका छन् भने यदुनाथ पोखर्यालको नेपाली वीर, भानुभक्त आचार्यको नीतिका कुरा, मोतीराम भट्टको किन चाहियो, लेखनाथ पौडेलको गौंथलीको चिरिबिरि, बालकृष्ण समको स्वर्ग र देवता, लक्ष्मी प्रसाद देवकोटाको उद्बोधन, सिद्धिचरण श्रेष्ठको मेरो प्रतिबिम्ब कविताहरू बी.एड. तेस्रो वर्षका कविताहरू भएका छन् । यतिमात्र होइन, युद्धप्रसाद मिश्रको भोका र नाँगा उठ, माधव प्रसाद घिमिरेको वैशाख, गोपाल प्रसाद रिमालको सान्त्वना, विजय मल्लको छोरीलाई मानचित्र.., मोहन कोइराको फर्सीको जरा, भूपि शेरचनको असार, वैरागी काइँलाको सपनाको लास.., हरिभक्त कटुवालको रहर, काली प्रसाद रिजालको स्वदेशको गौरव, बानीरा गिरी को काठमाडौं.., दीनेश अधिकारीको मान्छे आस्थाको.., कृष्णभूषण बलको पर्खनुपर्छ, श्याम तमोटको गाउँ गाउँबाट उठ, ज्ञानुवाकर पौडेलको छाडि जाँदै छु, बुँद रानाको जिउ सानसँग, विजय सुब्बाको सपनाका अधीनमा जस्ता कविताहरू र ऋतुविचार, कुन्जिनी, राजेश्वरी सिमसारका राजदूतहरू, सुलोचना, मानव महाकाव्यहरू पनि बी.एड. तेस्रो वर्षमा राखिएका छन् ।

यसै परिप्रेक्ष्यमा लक्ष्मी प्रसाद देवकोटाको पागल, गोपाल प्रसाद रिमालको आमाको सपना, माधव प्रसाद घिमिरेको यात्री, भूपि शेरचनको हामी, वैरागी काइँलाको हाट भर्ने मानिस, दुर्गालाल श्रेष्ठको टाउको, तारा नाथ शर्माको हिडिम्बा नगरीदेखि जुंगे दरबारसम्म, जगदीश शमशेर जवराको स्वभाव कविताहरूको पठन, आस्वादन र समीक्षा मार्फत बी.ए. प्रथम वर्षका विद्यार्थीको प्रतिभा विकासको आशा गरिएको छ । लेखनाथ पौडेलको गौंथलीको चिरिबिरि (१), बालकृष्ण समको मृत्युपछिको अभिव्यञ्जना, लक्ष्मी प्रसाद देवकोटाको पागल, सिद्धिचरण श्रेष्ठको मेरो प्रतिबिम्ब, युद्ध प्रसाद मिश्रको ज्वालामुखीको शिखा, गोपाल प्रसाद रिमालको सपनामा, भूपि शेरचनको घुम्ने मेचमाथिको अन्धो मान्छे, मोहन कोइराको घाइते युग, वैरागी काइँलाको मातेको मान्छे कविताहरू बी.ए. दोस्रो वर्षको ऐच्छिक नेपालीले आफ्ना पाठ्य कविता बनाएको छ । यसैसाथ ईश्वर बरालको रिक्तताको देवता.., बनीरा गिरीको काठमाडौं एउटा.., कृष्णभूषण बलको पर्खनुपर्छ कविताहरूका साथ कुन्जिनी, आगो र पानी हिमाल आरोहण माग्छ अर्धनारीश्वर, सुलोचना (३ देखि १० सर्ग) हरू पनि ऐच्छिक विषयका कविताहरू भएका छन्, भने माधव प्रसाद घिमिरेको गाउँछ गीत नेपाली, गोकुल जोशीको

जीवन गीत, क्षेत्र प्रताप अधिकारीको म त लालीगुराँस भएँ, रत्नशमशेर थापाको आँखैमा रातो लाली, काली प्रसाद रिजालको आँखा छोपि नरोउँ भने.., गीतहरू, उपेन्द्रबहादुर श्रेष्ठको इसारा गरी गरी, ज्ञानुवाकर पोडेलको ओइली झर्छ फूल, ललिजन रावलको नखोलेरै राखिएको गजलहरू पनि राखिएका छन् ।

यसै सन्दर्भमा लेखनाथ पोडेलको वयोबृद्ध कोयलीको विलौना, धरणीधर कोइरालाको उद्‌बोधन, महानन्द सापकोटाको विश्वदेव, बालकृष्ण समको नरिसाउ युवक, माधव प्रसाद देवकोटाको अपूर्व दीपावली, पुष्पलाल उपाध्यायको उषालहरी, लक्ष्मी प्रसाद देवकोटाको हुरीको गीत, सिद्‌धिचरण श्रेष्ठको विश्वव्यथा, केदारमान व्यथितको एक झल्को, माधव प्रसाद घिमिरेकोको सुख र दुख.., गोपाल प्रसाद रिमालको प्रति, विजय मल्लको यस धर्तीको, ध्रुव कृष्ण दीपको आज अँध्यारो.., मबीबीको छोडेको बास, भूपि शेरचनको पोखरा, अगमन सिँह गिरी को मोहब्बत गली कविताहरू बी.ए. तेस्रो वर्षको ऐच्छिक नेपालीका सामग्री बनेका छन् । यसैगरी मोहन कोइरालाको कार्टुनको शहर, द्‌वारिका श्रेष्ठको म एउटा.., कृष्णभक्त श्रेष्ठको जिन्दगी कुहेको.., मदन रेग्मीको ए सुस्तरी.., उपेन्द्र श्रेष्टको तिमी आकासभरि.., तुलसी दिवसको एउटा युद्धको.., पारिजातको लाहुरेलाई.., बानिरा गिरीको काठमाडौँ.., पुष्कर लोहोनीको कौँडी, वाशु शशीको रूख झर्छन्.., वैरागी काइँलाको गँगा नीलो, कुन्दन शर्माको जीवन, अविनाश श्रेष्ठको ओ मेरा.., मन्जु काँचुलीको अभ्यास, तोया गुरुङको धेरै टाढाकी.. कविताहरू पनि बी.ए. तेस्रोवर्षका पाठ्य कविताहरू बनेका छन् ।

यसै सिलसिलामा भरतराज पन्तको घन्टाघर.., हरिभक्त कटुवालको मन त.., नीरविक्रम शाहको पाखे, भानुभक्त पोखरेलको देशभक्ति, कृष्ण प्रसाद पराजुलीको नयाँ वर्ष लाग्दा, मुकुन्द शरण उपाध्यायको स्वर्गबाट.., वासुदेव त्रिपाठीको एउटी नगर.., मोदनाथ प्रश्रितको शहीद, दैवज्ञराज न्यौपानेको युवा आकाङ्क्षा, घनश्याम कँडेलको विश्वामित्र.., रामबाबु सुवेदीको आधारभूत आवश्यकता, हेम हमालको यो शहर.., काली प्रसाद रिजालको स्वदेश गौरव, मेघराज मन्जुलको आज राती आकासमा, क्षेत्र प्रताप अधिकारीको धनबहादुर, रामचन्द्र भट्‌टराईको काली कविताहरू बी.ए. तेस्रो वर्षको विधागत अध्ययनमा पारिएका छन् । यसै शृङ्खलामा माधव प्रसाद घिमिरेको मनप्रसादको यो एउटा.., विकास गोतामेको सोच मेरी.., जीवन थीङको म वैतलस.., युद्‌धवीर राणाको इतिहास रुदैछ, गिमी सेर्पाको बासिलिङमा, दीनेश अधिकारीको हर्कबहादुर, विमल निभाको बसन्त, विश्व विमोहन श्रेष्ठको नीनीको.., विमल कोइरालाको ग्रन्थसूची, जीवन आचार्यको म नहारे.., पूर्णविरामको गोविन्दले.., विष्णु विभु घिमिरेको युद्‌ध, उषा भट्‌टचनको महत्त्वाकाङ्क्षा.., श्यामलको छाला, फणीन्द्र नेपालको मृत्युसत्ता, नवराज कार्कीको कृष्ण, हेमन्त हमालको विद्रोह.., नोर्देन रूम्बाको एउटा किताब.., नोर्ज्याङ स्याङ्देनको एक थोक.., बिक्रम सुब्बाको तिमी कविताहरू पनि विशेष अध्ययनमा पारिएका छन् ।

यसै क्रममा लेखनाथ पौडेलको पिँजराको सुगा, बालकृष्ण समको मेरो नुहाउने कोठा, लक्ष्मी प्रसाद देवकोटाको ज्वरशमना प्रकृति, माधव प्रसाद घिमिरेको कालीगण्डकी, गोपाल प्रसाद रिमालको प्रति, मोहन कोइरालाको म सम्झन्छु, वैरागी काइँलाको पर्वत, उषा शेरचनको निश्चितता कविताहरू नेपाली शिक्षा एम्.एड्. प्रथम वर्षमा पारिएका छन् । यसै क्रममा सिद्‌धिचरण श्रेष्ठको उर्वशी, जगदीश शमशेर राणाको नरसिँह अवतार, माधव प्रसाद घिमिरेको अश्वत्थामा, लक्ष्मी प्रसाद देवकोटाको शाकुन्तल (१ देखि ५ सर्ग) पनि यसैमा पारिएका छन् । सुवानन्द दासको पृथ्वीनारायण, शक्तिवल्लभ अर्ज्यालको तनहूँ भकुन्डो, उदयानन्द अर्यालको पृथ्वीचन्द्रोदय, यदुनाथ पोखरेलको स्तुतिपद्य, इन्दिरसको गोपिका स्तुति, वसन्त शर्माको कृष्णचरित्र, भानुभक्त आचार्यको रामायण, ज्ञानदिलदासको उदयलहरी कविताहरू नेपाली स्नातकोत्तर प्रथम वर्षका कविताहरु बनेका छन् भने मोतीराम भट्टको पिकदूत, शम्भु प्रसाद ढुंगेलका चन्द्रोदय दर्शन, छल, राधिके हरि सताउँछन् रचनाहरू पनि यसै तहमा राखिएका छन्। लेखनाथ पौडेलका पिँजराका सुगा, मेरो कैशोर शिवपँचाशिका, बालकृष्ण समका स्वर्ग र देवता, मेरो नुहाउने कोठा, लक्ष्मी प्रसाद देवकोटाका प्रभुजी मलाई भैँडो बनाऊ, शाहजाहको इच्छा, ज्वरसशमना प्रकृति, झन्झाप्रति, माधव प्रसाद घिमिरेका कालीगण्डकी, दुलही कञ्चनजङ्घा, परन्तु यौटै, मोहन कोइराका म सम्झन्छु, फर्सीका जरा, वैरागी काइँलाका अस्तित्त्व, पर्वत जस्ता कविताहरू पनि छानिएका छन् ।

यसका अतिरिक्त लेखनाथ पौड्यालकाका तरुणतपसी, ऋतुविचार, लक्ष्मी प्रसाद देवकोटाका सृजामाता, शाकुन्तल, सिद्‌धिचरण श्रेष्ठको उर्वशी, माधव प्रसाद घिमिरेको

राजेश्वरी, मोहन कोइरालाको गंगाप्रवास, सोमनाथ सिग्द्यालको आदर्शराघव, बालकृष्ण समको चिसो चूह्लो, जगदीश शमशेर राणाको नरसिँह अवतार महाकाव्यहरू नेपाली द्वीतीय वर्ष स्नातकोत्तरमा छानिएका छन् । कविताहरूको अध्ययनका क्रममा संस्कृत साहित्य, एसियाली साहित्य, पाश्चात्य साहित्य सिललिामा होस् या प्रमुख स्रष्टापरक देवकोटाका प्रस्तुत गएिका कविताहरूका अतिरिक्त भिखारी, पुतली, सुनको विहान, आकास बोल्छ, छाँगासँग, भावना गांगेय, मनोरञ्जन, लक्ष्मीगीति सङ्ग्रह, लक्ष्मी कविता सङ्ग्रह, मुनामदन, राजकुमार प्रभाकर, लूनी, सीताहरण, रावणजटायु युद्ध, म्हेन्दु, मैना, कटक, वसन्ती मायाविनीसर्सी, नयाँ सत्यकली संवाद, पहाडी पुकार, आँसु, नाला, नवरस, झन्झावर्णन, वैराज्ञलहरी, आनन्दशतक जस्ता रचनाहरू पनि पारिएका छन् ।

**व्युत्पत्ति, अभ्यास र समाधि**

पूर्वीय आचार्यहरूले योग्यता र दक्षताले प्रतिभालाई सुसंस्कृत र व्यवस्थित गराउँदै आएको छ भन्ने सन्दर्भमा राजशेखरले शास्त्र, विद्या, लोक, व्यवहार र अनुभवले काव्य रचनाको स्तर वृद्धि गर्दछ भनेका छन् (पौड्याल, २०६४:५) भने पश्चिमी साहित्य परम्पराले पनि तदनुकूलका पाठ्य सामाग्री निर्माणमा व्यावहारिक जोड दिँदै आएको छ । नेपालका नर्सरीको रिड मोर पुस्तकले कविता शिक्षण, अभ्यास र चिन्तन प्रवेशका रूपमा प्रारम्भिक स्वास्थ सरसफाईको मोडलाई डिका, मात्रा, आकारलाई यस बिन्दुसँग जोडेको छ । कक्षा एकको नेपाली किताबले कविता शिक्षण पछि शब्दार्थ, शब्द छनौट, हरफ पूरा गर्ने, जोडा मिलाउने, शब्द भण्डार बढाउने, उच्चारण र हिज्जे गर्ने, चित्र हेरी भन्ने जस्ता अभ्यासको व्यवस्था गरेको छ भने कक्षा दुईको नेपालीले विद्यार्थीलाई शिक्षकले गाएको सुन्न र गाउन, सुन्न र भन्न, एउटा गीत गाउन, शब्दार्थ भन्न, चित्र बनाई नाम लेख्न, शुद्ध उच्चारण गर्न लगाएको छ र सुनेको कुनै एक गीत गाउन नयाँ लयात्मक अभ्यास थपेको छ । सजिलो नेपाली माला तीनले विद्यार्थीलाई अघिल्ला कक्षाका अतिरिक्त समूहमै उत्तर दिन, कार्यमूलक व्याकरण गर्न पाँच पाँच वाक्यमा वर्णन गर्न, भैली खेल्ने तरिका भन्न, आफूलाई मनपर्ने कुनै कविता सुनाउन पहिलोपटक अभ्यासका रूपमा लगाएको छ ।

यसैगरी कक्षा चारको नेपालीले शब्द रूप बदल्न, वाक्यमा प्रयोग गर्न, गति, यति र लय मिलाई सुनाउन अभ्यस्त गराएको मात्र छैन, भाव पूर्णताका लागि अनुच्छेद लेखनलाई अभ्यासमा थपेको छ भने कक्षा पाँचको नेपालीले पङ्क्ति पूरा गर्न, पढ्न, बुझ्न, सार्न, पढेका कुरा बढाएर लेख्न, पानीको कविता लेख्न, चुट्किला सुनाउन, बोलीचालीको भाषामा लेख्न दिई भाषिक कौशल बढाउन लगाएको छ । यसै सन्दर्भमा नेपाली कक्षा छको पुस्तकले विद्यार्थीलाई कविता पङ्क्ति पूरा गर्न, कविताको कुनै श्लोक कापीमा सार्न, अन्त्यानुप्रास मिलाउन, पढ्न बुझ्न र गर्न, शीर्षकीकरण गर्न लगाएको छ भने सातको नेपालीले एक वाक्यमा उत्तर दिन, कविताको बोध गर्न, छोटो उत्तर दिन, व्याख्या गर्न, भाव खुलाउन, शास्त्रीय कविता पढ्न, लालीगुराँस बारेमा कविता लेख्न, शिक्षकलाई देखाउन, एकएक हरफ थपेर कविता पूरा गर्न विद्यार्थी, झरना, फूलबारी, मानवता शीर्षकमा कविता लेखी सुनाउने अभ्यासको व्यवस्था गरी विद्यार्थीको जन्म जात क्षमताको विकास गर्ने रणनीति लिएको छ । कक्षा आठको नेपालीले विद्यार्थीलाई कविताहरूमा व्यक्त गरिएका भावहरू उनीहरूको व्यावहरिक जीवनमा कत्तिका उपयोगी छन् मनका भावहरू कविताका ढाँचामा किसान, जन्म स्थान शीर्षकमा प्रस्तुत गर्न काव्यात्मक भाषिक कौशललाई अभिबृद्धि गर्ने उद्देश्य लिएको छ भने कक्षा नौको नेपालीले कविता शिक्षणको प्रारम्भमै भाव, कवि परिचय, प्रवृत्तिसँगै सम्बन्धित गराई व्याकरण तत्त्वका सात छोटा उत्तरहरू, सङ्क्षिप्त उत्तरहरू, सप्रसङ्गका सामग्रीसहित सयशब्दमा अनुच्छेदन लेखन तथा निर्दिष्ट कविताका ढाँचामा शरद् ऋतु, दया, मानवजीवन, कर्तव्यजस्ता कविता लेख्न अभ्यस्त गराएको छ । कक्षा दशको नेपालीले यसलाई निरन्तरता दिँदै कविता केन्द्री बनाउँदै 'विद्यारूपी धन सर्वश्रेष्ठ धन हो' लाई पुस्टि गर्न लगाउनुका साथै प्रस्तुत पुस्तकले छन्द परिचय तथा शब्दकोशको प्रयोग अभ्यासलाई अभ्यस्त बनाउने सामग्री थपेको छ ।

यसै क्रममा दश जोड दुईको नेपाली विषयले व्याकरण, बोध, अभिव्यक्ति कृति समीक्षाको सैद्धान्तिक पृष्ठमूमि दिई कवितात्मक क्षमता विकास गर्ने रणनीति लिई अक्षर संरचनाको पाठ थपेको छ र अभिव्यक्तिका लागि अनुच्छेद लेखन, कविता पठन, आस्वादन र समीक्षणलाई प्राथमिकता दिइएको छ। बी.ए. तथा बी.एड्.का अनिवार्य नेपालीले केही नयाँ कविताका साथै लामा कविता र महाकाव्य थपे पनि दश जोड दुईलाई समानान्तरता

दिएका छन् र कवितात्मक विवेचना, विशिष्ट पङ्क्तिको व्याख्या विश्लेषण गर्न सक्ने अभ्यासहरूको सङ्केत गरे पनि अभ्यासहरू तल्ला कक्षाका तुलनामा प्राय न्यून छन् भने बी.ए. दोस्रो वर्षका कविता काव्यहरूले गीत गजलको स्वरूप, परिभाषा, नेपाली प्रमुख प्रतिभा र उपलब्धि विवेचनाका लागि सक्षम बनाउने लक्ष्य लिएर बोध, आस्वादन, विषयवस्तु तथा प्रस्तुति, लय, भाषा, शैली जस्ता आधारमा अभ्यासहरू बनाइएका छन् । बी.ए. दोस्रो वर्षको विधागत विशेष अध्ययनले बोध, आस्वादन, कथ्य, विषय, वस्तु, मूल भाव, विचार, कथन पद्धति, संरचना, लयबोध, भाषा शैली प्रस्तुतिगत कलात्मक र विश्लेषणात्मक अभ्यासलाई प्राथमिकता पारेको छ । एम्.एड्. प्रथम वर्षको नेपाली कविता काव्य र समालोचना शिक्षणले तल्लै तहको आधार लिएको छ भने एम्.ए. प्रथम वर्षको कविता शिक्षणले विधागत स्थिति, स्वरूप, परिभाषा, तत्त्व, लयविधान, विधागत वर्गीकरण, आयाम, प्रतिनिधि धाराहरूको विवेचना गर्न सक्ने उद्देश्य लिए पनि अभ्यासलाई दिएको छैन यसका साथै लामा कविताहरू र महाकाव्यको विश्लेषण मूल्याङ्कनको आलोचनात्मक सीप आर्जन गर्ने उद्देश्य लिइए पनि पाठ्य कवितासँगै सङ्लग्न गरिएको छैन भने प्रमुख स्रष्टापरक अध्ययनमा जीवनी, व्यक्तित्व, कृतित्त्वमा कविता यात्रा, धारा, प्रवृत्ति, विशिष्ट कविता काव्य र उपलब्धिका आधारबाट विद्यार्थीहरूमा अन्तर्निहित प्रतिभाको विकास गर्ने उद्देश्य भए पनि तल्ला कक्षाका पुस्तकहरूमा जस्तै अभ्यासहरू राखिएका छैनन् ।

**कविताहरूको संरचनात्मक सङ्गठन**

शीर्षकीकरणका कोणबाट पछिल्लो समयका प्रयोगवादी प्रवृत्तिका भूपि शेरचन, मोहन कोइराला, बानिरा गिरी, बैरागी काइँलाहरूले वाक्यस्तरका शीर्षकहरू निर्माण गरेका छन् । लक्ष्मी प्रसाद देवकोटा, गोपाल प्रसाद रिमाल, माधव प्रसाद घिमिरेहरूको शीर्षक निर्माण कला छोटो, सरल र सुबोध्य छ । कविता विशिष्ट शब्दहरूको गुम्फन र गठनबाट निर्माण हुने शब्द भाव, अनुभूति, विचार, सङ्केत, प्रसङ्ग, सङ्गठन र सन्दर्भबाट बन्दै आएका छन् र कविताका थोरै शब्दले धेरै भाव प्रस्तुत गर्न सक्नु पर्ने सैद्धान्तिक मान्यता रहेको छ । संरचनात्मक कोणबाट कक्षा तीनसम्मका कविताहरू एकदम सरल छन् र कविता सङ्क्षिप्त लम्बाइमा बनेका छन् । बाल लोक गीतहरू सबभन्दा सरल कविताहरू हुन् । नर्सरीदेखि स्नातकोत्तर तहसम्मका बालकविताहरू पनि सरल छन् । कविविशेषको अध्ययनलाई छोडेर सबै कविताहरू स्तर, पृष्ठभूमि तह, उमेरअनुकूल छन् । भैलोगीत, चटके आयो, चौतारी, जून सानीनानी, असल विचार, सुन्दर गीत गाउँ जस्ता कविताहरू सरल संरचनामा बनेका छन् । गुरु, खोला, हामी नेपाली, लाग्दछ मलाई रमाईलो जस्ता कविताहरू जटिल संरचनामा बन्न लागेका छन् । झन्डाको गीत, मन, किसान, पृथ्वीसन्देश जस्ता कविताहरू वैचारिक आग्रह बोकेका कवितताहरू कक्षा छ, सात र आठमा रहेका छन् । बसन्त, सत्यसन्देश, प्रश्नोत्तर, वैशाख, सहीदको सम्झना कविताहरू दार्शनिक सन्दर्भमा उनिएका छन् र कक्षा नौ तथा दशका विषय बनेका छन् ।

म पनि द्यौता मान्छु, भिखारी, आमाको सपना, मैनबत्तीको शिखा दश जोडदुई, बी.ए. र बी.एड्.का जटिल संरचना भएका समीक्षात्मक प्रतिभालाई तिखार्ने कविताहरू भएका छन् । तल्ला कक्षाका कविताहरू तुलनात्मक रूपमा पद्यात्मक र पुनरावृत्त छन् भने माथिका गद्यात्मक, गजलात्मक, गीतिमय, अनुभूति विस्तरण, आख्यानात्मक छन् । तारानाथ शर्माको हिडिम्बा नगरीदेखि जुँगे दरबार जस्तो शीर्षकले कविताकै सबभन्दा लामो शीर्षकीकरणको काव्यात्मक सिर्जनशीलता उलङ्घन गरेको छ । पछिलो समयमा देखिएका जनजाति कविहरूले यस प्रकारको प्रवृत्ति देखाउँदै आए पनि नवीन सन्दर्भ, भाव, परिवेशलाई भने उठाएका छन् । सर्ग सङ्कुचनले शाकुन्तल र सुलोचनालाई जटिल महाकाव्यमा पारेको छ । सीमसारका राजदूतले आफूलाई अनुभूतिको काव्य बनाएको छ भने विभिन्न खण्डकाव्यहरूले आफूलाई सङ्क्षिप्त आख्यानमा उभ्याएका छन् । गीत, गजल र गद्य कविताहरू आधुनिकतामा पोखिएका छन् । मुनामदन, यात्री, भिखारी, बन, झन्झावर्णन शीर्षकहरूले लक्ष्मी प्रसाद देवकोटालाई शीर्षकीकरणका कुशल प्रतिनिधि कवि बनाएका छन् । आदर्शराघव, शाकुन्तल, सुलोचना र चिसो चुह्लो महाकाव्यहरू जटिल प्रतिभा विकासका सरजामहरू बनेका छन् ।

**कवि, कविता सङ्ख्या र स्थिति**

अगमन सिँह गिरी, अविनाश श्रेष्ठ, अमर गिरी, इन्दिरस, ईश्वर बराल, उदयानन्द अर्ज्याल, उपेन्द्र श्रेष्ठ, उषा भट्टचन, उषा शेरचन, कल्पना प्रधान, काली प्रसाद

रिजाल, कुन्दन शर्मा, कृष्णप्रसाद पराजुली, कृष्णसेन ईच्छुक, कृष्णभक्त श्रेष्ठ, कृष्णभूषण बल, केदारमान व्यथित, क्षेत्रप्रताप अधिकारीहरूका विभिन्न कविताहरू भिन्न स्तरका नेपाली पाठ्य कविताहरू बनेका छन्। यसैगरी गणेश रसिक, गिमी शेर्पा, गोकुल जोशी, गोपाल प्रसाद रिमाल, गोपाल पौडेल, गोरख बहादुर सिँह, घटराज भट्टराई, घनश्याम कँडेल, चन्द प्रसाद न्यौपाने, जगदीश घिमिरे, जगदीश शमशेर राणा, जीवन आचार्य जीवन थिङ, ज्ञानदिलदास, ज्ञानुवाकर पौडेलका कविताहरू पनि नेपाली विद्यार्थीहरूको प्रतिभा विकासका सामग्रीमा पारिएका छन्। एवम्प्रकारले तुलसी दिवस, तोया गुरुङ, तारानाथ शर्मा, द्वारिका श्रेष्ठ, दुर्गालाल श्रेष्ठ, देवी नेपाल, दैवज्ञराज न्यौपाने, धरणीधर कोइराला, ध्रुवकृष्ण दीप, नवराज कार्की, नवराज सुब्बा, नोर्ज्याङ स्यानदेङ, नोर्देन रूम्बा, पुष्कर लोहनी, पुष्पलाल उपाध्याय, प्रभा भट्टराई, प्रह्लाद पोखरेल, पारसमणि भण्डारी, पारिजात, पूर्णविराम, फणीन्द्रराज खेतालाहरूका कविताहरू पनि पाठ्य कवितामा छानिएका छन् । यसका अतिरिक्त बद्री विशाल भट्टराई, बानिरा गिरी, बसन्त शर्मा, बालकृष्ण सम, बालिका घिमिरे, वाशु शशी वासुदेव त्रिपाठी, विमल कोइराला विमल निभा, बुँद राना, विक्रम सुब्बा, विकास गोतामे, विष्णुविभु घिमिरे, विजय मल्ल, विश्व विमोहन श्रेष्ठ, विश्वम्भर प्याकुरेल, वैरागी काइँलाका रचनाहरू पनि विभिन्न तहका पाठ्य कवितामा पारिएका छन् ।

भरत राज पन्त, भानुभक्त आचार्य, भानुभक्त पोखरेल, भीमनिधि तिवारी, भूपि शेरचन, मविवि शाह, मन्जु काँचुली, महानन्द सापकोटा, मदन रेग्मी, मनप्रसाद सुब्बा, माधव प्रसाद घिमिरे, माधव प्रसाद देवकोटा, मुकुन्द शरण उपाध्याय, मोती राम भट्ट, मोदनाथ प्रश्रित, मोहन कोइराला, यदुनाथ पोखरेल, यादव खरेल, युद्ध प्रसाद मिश्र, युद्धवीर राणाका कविताहरू पनि विभिन्न विषय, स्तर, प्रस्तुतिका सामग्री बनेका छन्। यसका साथै रत्न शमशेर राणा, राम बाबु सुवेदी, लक्ष्मी प्रसाद देवकोटा, ललिजन रावल, लालानाथ सुवेदी, लेखनाथ पौडेल, शक्ति बल्लभ अर्याल, श्रमिक बराल, सत्य मोहन जोशी, शम्भु प्रसाद ढुंगेल, श्यामप्रसाद शर्मा, श्यामल, सिद्धि चरण श्रेष्ठ, सुवानन्ददास, शोभियत राम विष्ट, सोमनाथ सिग्द्याल, शैलेन्द्र साकार, हरिभक्त कटुवाल, हेमन्त श्रेष्ठ, हेम हमालका कविताहरू पनि मेधा विकासका अगुवा कवितामा छानिएका छन् ।

क्षेत्रगत विभाजनका आधारबाट काठमाडौँबासी कविहरूको सङ्ख्या अत्यधिक रहे पनि मावि कक्षाहरूको सन्दर्भमा माधव प्रसाद घिमिरेका कविताको सङ्ख्या बढी छ । लक्ष्मी प्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, दैवज्ञराज न्यौपाने र लक्ष्मी प्रसाद देवकोटाका कविताहरू दोस्रो सङ्ख्या र स्थानमा परेका छन् । उच्च शिक्षाका कविता सङ्ख्याका कोणबाट देवकोटाका कविता सङ्ख्या बढी मात्र होइन, विविधताले भरिएका छन् । देवकोटाका धेरै फुटकर, सबै खण्डकाव्य र महाकाव्यहरू परेका छन् । श्यामल, अमर गिरी र कृष्णसेन इच्छुकलाई छाडेर मप, सूप र कर्णालीबासीको सङ्ख्या छँदैछैन भन्दा पनि हुन्छ । बरू अनेपाली कविहरूको उपस्थिति राम्रो छ । चन्द्र प्रसाद न्यौपाने, लक्ष्मी प्रसाद देवकोटा, लेखनाथ पौड्याल, सोमनाथ सिग्द्याल, बालकृष्ण सम, मोदनाथ प्रश्रितजस्ता महाकविहरूका रचनाहरू पनि पाठ्य कविताहरू मात्र बन्न पुगेका छैनन्, श्रमिक बराल, गोरख बहादुर सिंह, विमल कोइराला र प्रह्लाद पोखरेल जस्ता उच्चपदस्थ कर्मचारी पनि कविका रूपमा देखिएका छन्। हेमाङ्गराज अधिकारी, लालानाथ सुवेदी, देवी नेपाल, दैवज्ञराज न्यौपाने जस्ता प्राध्यापनमा सङ्लग्न व्यक्तित्वहरू पनि पाठ्य कविताका कवि भएका छन् । अधिकारी र सुवेदी आफै प्रावि पुस्तक लेखक पनि भएका छन् ।

प्रभा भट्टराई, बालिका घिमिरे, कल्पना प्रधान, पारिजात, बानिरा गिरी, उषा भट्टचन, तोया गुरुङ जस्ता महिला स्रष्टाहरूले पाठ्य कविता लेखनमा सात प्रतिशत योगदान पुर्‍याएका छन् भने भट्टराई, घिमिरे र प्रधान उच्चशिक्षाका कविहरू बन्न सकेका छैनन् । पारिजात, श्यामल, पूर्णविराम, ताना शर्मा, मविवि शाहहरूले चिनाको नाम खोज्नु पर्ने मात्र छैन्, व्यथित, सम, प्रश्रित, रसिकहरूले पूर्ण नाम दिएका छैनन्। घिमिरे, गोतामे, न्यौपाने, शर्मा भट्टराई, पराजुली, अधिकारी, सुवेदी, बराल, पौडेल, रिमाल, रिजाल, नेपाल, जोशी, खरेल, पोखरेल (पोख्रेल), लोहनी, उपाध्याय, तिवारी, मिश्र, ढुंगेल, कार्की, अर्ज्यालका परिप्रेक्षमा ब्राह्मण कविको उपस्थिति सबभन्दा उच्च छ भने राणा, विष्ट कविहरू एकदम न्यून छन् । प्रधान, कर्माचार्य, मल्ल र श्रेष्ठहरूको सङ्ख्या ब्राहमण पछि छ । दलित जातका कविहरू शून्य छन् बरू जनजातिका भट्टचन, शेरचन, बल, स्यानदेङ, रूम्बा, गुरुङ र सुब्बाहरूको उपस्थिति क्षेत्रीभन्दा राम्रो छ ।

प्राथमिक, माध्यामिक र आधुनिक कालका प्रतिनिधि कविहरूको उपस्थिति प्रतिनिधिमूलक भए पनि प्रारम्भिक प्रहरका आधुनिक कविहरू हामी बीच सदाका लागि हराएका छन्, यसै लहरका सत्यमोहन जोशी र माधवप्रसाद धिमिरे डाडाँपरका घाम बनेका छन् । प्रभा भट्टराईका कविताहरू लगालग कक्षा पाँचसम्म उक्लिए पनि छ कक्षाभन्दा माथि टेकिएका छैनन् । लक्ष्मी प्रसाद देवकोटाका काव्य सङ्ख्याले उनलाई पहिलो कवि, दैवज्ञराज न्यौपाने, क्षेत्रप्रताप अधिकारी, लेखनाथ पौडेल, भूपि शेरचन, सिद्धिचरण श्रेष्ठ, मोहन कोइराला, बालकृष्ण सम, गोपाल प्रसाद रिमालहरूलाई दोस्रो स्थानमा पारिएको छ । एकदेखि तीन सर्गमात्र पढ्नुपर्ने स्थितिले शाकुन्तल महाकाव्य सबभन्दा जटिल रचना बनेको भए पनि चिसो चुह्लो, आदर्श राघव पनि समानान्तर रूपमा कठिन कृतिहरू हुन् । भिखारी, यात्री, सत्यसन्देश, युवाको आकाङ्क्षा, ऋतुविचार, सुलोचना, प्रश्नोत्तर, पागल, किताब, काठमाडौँ.., बसन्त, मेरो नुहाउने कोठा, स्वर्ग र देवता आमाको सपना कविताहरूको तीब्र आवृत्तिले प्रस्तुत कविताहरूलाई लोकप्रिय बनाएको छ । त्यति कविता चर्चामा नआएका श्याम प्रसाद शर्मा, माधव प्रसाद देवकोटाजस्ता कविहरू मात्र होइन, अन्य कुनै कवितामा नदेखिईकन सोमनाथ सिधै आदर्श राघव महाकाव्यमा एकैपटक देखिएका छन् । नेपाली प्रतिनिधि भाषासेवी महानन्द सापकोटा र प्रसिद्ध समालोचक वासुदेव त्रिपाठीहरू पनि कवि प्रतिभाका रूपमा देखिएका छन् । राजनैतिक विचारधाराका जगबाट गैरमार्क्सवादी कविहरूको सङ्ख्या अत्यधिक भए पनि गुणात्मकताका दृष्टिले मार्क्सवादी समतुल्य रहेका छन् । तराईबासी कविहरूको सङ्ख्या एकदम न्यून नै देखिएको छ ।

**सीमा र चुनौती**

विभिन्न स्तरका नेपाली विद्यार्थीको स्तरको अन्तर्निहित प्रतिभा विकास लागि अघिल्ला उपशीर्षकहरू उपलब्धिका रूपमा देखिए पनि यसका आफ्नै सीमा र चुनौतीहरूमध्ये (१) वर्तमान समयसम्म धेरै लोकप्रिय बन्दै आएका रामायण र मुनामदनका श्लोकहरू स्तरअनुसार तल्ला कक्षामा नराख्नु, (२) निजी र सरकारी क्षेत्रमा लागु गरिएका क्रमशः सजिलो नेपाली माला र हाम्रो नेपालीका वर्णविन्यास, अभ्यास र सिर्जनात्मक कियाकलापहरू समान स्तरका नहुनु, (३) निजी क्षेत्रको कक्षा छको नेपालीमा पहिलो पाठको पहिलो र दोस्रो अभ्यास मै नम्बर चिह्न प्रयोगमा असमानता रहनु, (४) कविता शिक्षणपछि विद्यार्थीको मूल पृष्टपोषकका रूपमा शिक्षकलाई लिइएको अवस्थामा शिक्षकहरू त्यस स्तरका नहुनु, (५) कविताद्वारा अन्तर्निहित मेधा विकासका लागि तत्जन्य शैक्षिक बातावरण नहरनु, (६) उत्कृष्ट काव्यलेखनले राष्ट्रिय अर्थतन्त्रलाई पनि सकारात्मक दिशातिर लैजान्छ भन्ने शोच नीति निर्माताामा हुँदै नहुनु, (७) पहुँचबिना पाठ्य सामाग्री छनौट नहुनु, (८) विशिष्ट विषय विशेषज्ञलाई पाठ्य पुस्तक लेखनमा जिम्मेवारी नदिनु, (९) जिम्मेवारी पाएका व्यक्तिहरूले लापर्वाही देखाउनु, (१०) पाठ्य कवितालाई राष्ट्रिय अर्थतन्त्रको विकाससँग नजोड्नु, (११) एउटै पाठ्यपुस्तक लेखनमा तुलनात्मक रूपमा तल्लो कक्षामा कम असमान स्तर हुनु र माथिल्लो धेरै असमान स्तर हुनु, (१२) पाठ्यपुस्तक लेखनमा प्रभावकारी र स्तरीय नियमन नहुनु, (१३) उच्च मावि माथिका पुस्तकहरू अभ्यासमुखी नहुनु, (१४) तल्ला कक्षामा वक्रोक्ति, ध्वनि, अलङ्कार, गुण, रीति, औचित्यजस्ता काव्यका आधारहरू बारेमा कुनै चर्चा नहुनु, (१५) माथिल्लो कक्षामा अनुभवहीन एकभन्दा बढी व्यक्तिले पाठ्यपुस्तक लेख्नु शोधका सीमा र चुनौतीहरू हुन् ।

**निष्कर्ष र सुझाव**

अघिल्ला उपशीर्षकहरूमा प्रस्तुत गरिएका सीमा र चुनौतीहरूलाई ध्यानमा राखेर पाठ्य कविताहरूको छनौट, अभ्यास, निर्देशन र पृष्ठपोषण जस्ता पक्षहरूको व्यावहारिक प्रयोगपछि वास्तविक अन्तर्निहित प्रतिभाको विकास गरी प्रतिभाशाली विद्यार्थीहरूको वर्गीकरण गरी विशेष सहयोगको व्यवस्था गरिएको खण्डमा कविताको माध्यमबाट नेपालीको परिष्कृत, परिमार्जित र सुसंस्कृत जीवन बन्न सक्छ । यसका साथै युगबोध, वर्तमानकालीन समाजको प्रवृत्ति, आर्थिक प्रवाह, राष्ट्रियता र मानवताजस्ता विषयहरूको समझदारीका साथै संस्कृत एवम् अङ्ग्रेजी साहित्यका आधारभूत जानकारी तल्लो तहदेखिनै दिनुका साथै बहुभाषिक ज्ञान र सीपलाई जोडेर लिएको सन्दर्भमा वास्तविक अन्तर्निहित प्रतिभाको विकास हुन सक्छ । स्तरीय कविता छनौटका लागि निष्पक्ष, पारदर्शी, नीर्भिक र गोप्य एक समिति निर्माणको आवश्यकता देखिएको छ । सञ्चार माध्यमहरूबाट प्रकासित हुँदै आइरहेका नेपाली गीत, गजल र कविताहरूको प्रयोग कक्षा शिक्षणमा तथा बाहिर कसरी समायोजन गर्न सकिन्छ, अतिरिक्त कियाकलापमा गरिँदै आएका कविता लेखन, वाचन र पुरस्कारमा मौलिकता र व्यावहारिकता कसरी बनाउन सकिन्छ यस्ता विषयमा गम्भीर रूपमा ध्यान दिनुपर्ने देखिएको छ ।

वैज्ञानिक ढङ्गले छानिएका कविताहरूको शिक्षणमा कविहरूको नै प्रत्यक्ष नमुना शिक्षण व्यवस्था गरेको खण्डमा प्रभावकारी हुन सक्छ । आजसम्म पाठ्य कविताको गम्भीर तर मौलिक अन्तरबाहृय शोधखोज हुनै सकेको छैन भने (१) मावि स्तरका माधवप्रसाद धिमिरेका कविताहरूको विभिन्न कोणबाट अध्ययन, (२) धिमिरे र सिद्धिचरण श्रेष्ठका कविताहरूको तुलनात्मक अध्ययन, (३) माविका महिला कविहरूको प्रवृत्तिगत अध्ययन, (४) कविहरूको जातीय, वैचारिक, लिङ्गीय आधारबाट अनेकौ शीर्षकहरूमा शोधअनुसन्धान गर्न सकिने छ। यसरी नै तहगत, कक्षागत, कविगत तथा अभ्यासगत प्रतिभा खोज अनुसन्धान गर्न पनि सकिने छ । देवकोटा, घिमिरे, सिद्धिचरण, सत्यमोहन लगायत प्राथमिक र माध्यमिककालीन कवि र कविताहरूका तुलनामा त्रिवि तथा नेपाली भाषा पाठ्यकम पढेका कवि तथा कविताहरूको स्तर माथिल्लो हुन् भने सकेको छैन । यसबाट पछिल्लो  वर्तमानकालीन कविहरूका पाठ्य कविताहरू प्रभावकारी हुन सकेका छैनन् र यर्थाथमा प्रतिभा विकासका प्रभावकारी सामग्री बनेका छैनन् भन्ने अर्थ पनि लाग्न अएको छ। त्यसो त दैवज्ञराज न्यौपाने, वासुदेव त्रिपाठी र घनश्याम कंडेलहरू कमसल खालका प्रतिभाहरू हुन् भनेको होइन । अभ्यासदेखि जीवनी, व्यत्तित्व र कृतित्त्वको शोधलेखनले तल्लो तहदेखि माथिल्लो तहसम्म क्रमशः बोलाइ, सुनाइ, पढाइ र लेखाइजस्ता भाषिक अभ्यासलाई संयोजन गरिएको छ ।

यस शृङ्खलामा हिज्जे, चित्र हेरी लेख, शब्दभण्डार बढाऊ, गाउ, सुनेको गीतगाऊ, कविता लेख, समीक्षा गर, सप्रसङ्ग व्याख्या गर, विश्लेषण गर जस्ता अभ्यासहरू मूलभूत अभ्यासका रूपका आएका  छन् । कक्षा पाँचमा पहिलोपटक अभ्यासका रूपमा कविता लेख, कक्षा छमा अन्त्यानुप्रास र शीर्षकीकरण गर, सातमा सप्रसङ्ग व्याख्या गर, आठमा मनका भावहरू दिइएका कविताका ढाँचामा उतान, नौमा कवि प्रवृत्ति सहित भाव बोध गर, दशमा शास्त्रीय छन्द सहित कविता लेख जस्ता अभ्यासहरू थप गरिएका छन् । बी.ए., बी.एड. र दश जोड दुईमा अक्षर संरचना सहित बोध, अभिव्यत्ति र समीक्षाहरूलाई नयाँ थप अभ्यासका रूपमा राखिएको छ भने बी.ए. दोस्रोवर्षले कविताको स्वरूप दिई विवेचनात्मक तथा बी.एड्. तेस्रो वर्षले माविका कविता शिक्षण विशेषज्ञतालाई प्राप्त गर्ने अभ्यासहरूको सङ्केत गरेको छ । यसैगरी एम्.एड्. ले उच्च शिक्षाका कविता शिक्षणमा विशेषज्ञता प्राप्त गराउने अनि एम्.ए्. ले समालोचनात्मक विश्लेषण क्षमता बढाउने अभ्यासहरूको सङ्केत गरेको भए पनि अन्तिम परीक्षामा अभ्यासहरू दिइएको छैन ।

***लेखक परिचय***
*डा. गौतम सुर्खेत क्याम्स (शिक्षा) मा नेपाली विषयका शिक्षण सहायक हुनुहुन्छ। उहाँका अनेकन लेखहरु तथा थुप्रै पुस्तकहरु प्रकाशित छन्। उहाँ नेपाल प्रज्ञाप्रतिष्ठानका सदस्य समेत हुनुहुन्छ।*

## सन्दर्भ सूचि

अधिकारी, हेमाङ्गराज तथा अन्य (२०६६), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. ।

*नेपाली शिक्षा,* (अधिकारी, २०६६/०६७) *स्नातकोत्तर (एम्.एड्.) तह,* प्रथम वर्षको परिमार्जित पाठ्यकम, काठमाडौं : त्रिवि ।

न्यौपाने, श्रीराम (२०६७), *नेपाली कविता र काव्य,* काठमाडौंः जनसाहित्य उत्थान समाज ।

पा.वि.के. (१९९९) *नेपाली एम्. ए. नेपाली पाठ्यकम,* काठमाडौंः त्रिवि, पाठ्यकम विकास केन्द्र ।

पा.वि.के. (२०६२) *प्राथमिक शिक्षा पाठ्यक्रम,* भक्तपुर : पाठ्यकम विकास केन्द्र ।

पा.वि.के. (२०६४) *निम्न माध्यमिक तहको पाठ्यकम,* नेपाली ( दो सं), भक्तपुर : पाठ्यक्रम विकास केन्द्र।

पा.वि.के. (२०६५) *माध्यमिक शिक्षा पाठ्यक्रम,* भक्तपुर : पाठ्यकम विकास केन्द्र ।

पा.वि.के. (२०६६/०६७) *नेपाली शिक्षा,* स्नातकोत्तर (एम्.एड्.) तह, द्वीतीय वर्षको परिमार्जित पाठ्यकम, काठमाडौंः त्रिवि ।

पोखरेल, बालकृष्ण तथा अन्य (सम्पा, २०४०) *नेपाली बृहत् शब्दकोश,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रष्ठिान ।

पौड्याल, कृष्णविलास (२०६४), *साहित्यशास्त्र र नेपाली समालोचना,* काठमाडौंः नवीन प्रकाशन ।

प्रभाती, किरण, नारायण निरासी (२०६९), *स्नातक नेपाली सहयोगी,* काठमाडौंः हाइल्यान्ड पब्लिकेसन प्रा.लि. ।

पा.वि.के. (२०६५), प्राथमिक शिक्षा पाठ्यकम, *कक्षा ४, ५,* भक्तपुरः पाठ्यकम विकास केन्द्र ।

लामिछाने, यादवप्रकाश (२०५३ द्वितीय), *नेपाली भाषा शिक्षण परिचय,* काठमाडौं : रत्नपुस्तक भण्डार ।

*जनक शिक्षा सामग्री केन्द्र (२०६९), हाम्रो नेपाली किताब,* सानोठिमीः जनकशिक्षा सामग्री केन्द्र ।